# ग्रेटर अस्टिन नेपाली सोसाईटी (ग्यान्स)

## Greater Austin Nepali Society (GANS)

### अस्टिन, टेक्सस

# विधान (Bylaws)

| स्वीकृत या परिमार्जन भएको | सम्मेलन | मिति |
|---|---|---|
| १ | प्रथम सम्मेलन | फेब्रुअरी १५, २०१५ |
| २ | दोश्रो सम्मेलन | जनवरी १५, २०१७ |

## प्रस्तावना (Preamble)

अस्टिन आसपासका क्षेत्रमा स्थायी रुपमा बसोवास गर्ने हामी सम्पूर्ण नेपालीहरुले

- आफ्नो समूदायको उच्च पहिचान कायम राख्न,
- नेपाली भाषा, कला र संस्कृतिको संरक्षण र सम्वर्द्धन गर्दै विभिन्न सामाजिक कृयाकलाप मार्फत सामुदायिक हक हितको प्रवर्द्धन गर्न,
- कुनैं प्रकारको लिंग, धर्म, क्षेत्र, जाती तथा राजननीतिक आस्थाको आधारमा भेदभाव नगरी ब्यक्तिगत स्वतन्त्रता र समानताको सम्मान गर्दै आपसी भातृत्व र सामाजिक एकतालाई सुदृढ गर्न र
- अन्य नेपाली या गैर नेपाली समुदाय र तीनका आ-आफ्ना संस्कृतिहरुको स्वतन्त्र तथा शान्तिपूर्ण सह-अस्तित्वको सम्मान गर्दै आपसी भाइचारा सम्बन्धको विकाश तथा साँस्कृतिक आदान-प्रदान गर्न

सेप्टेम्बर १५, २०१३ मा गठन भएको यो नाफारहित विशुद्ध सामाजिक संस्था ग्रेटर अस्टिन नेपाली सोसाईटीलाई बिधिसम्मत संचालन गर्न तयार पारिएको यो शंसोधित विधान ग्यान्सको दोश्रो सम्मेलन जनवरी १५, २०१७ ले पारित गरी लागु भएको छ।

### बिषय या प्रसंगले अर्को अर्थ नलागेमा:

१) 'ग्यान्स' (GANS) भन्नाले ग्रेटर अस्टिन नेपाली सोसाईटीलाई बुझिन्छ।

२) 'संगठन' या 'संस्था' भन्नाले ग्रेटर अस्टिन नेपाली सोसाईटीलाई बुझिन्छ।

३) 'विधान' भन्नाले ग्यान्सको सम्मेलनद्वारा पारित सबै सदस्यहरु र सस्थालाई लागू हुने नियम या कानुनको दस्तावेजलाई बुझिन्छ।

४)	'सदस्य' भन्नाले ग्यान्सको विधान अनुसार सदस्यता लिएको आजीवन या साधारण सदस्यलाई बुझिन्छ ।

५)	'नेपाली' भन्नाले ग्रेटर अस्टिन क्षेत्रमा बसोबास गर्ने नेपाली मूलका नेपाली भाषा र संस्कृतीलाई अपनाउन चाहने सबैलाई बुझ्नुपर्छ चाहे उनीहरु संसारको कुनैं पनि देशको नागरिकता (Citizenship) अपनाएका होउन् या तीनका सन्तानहरु हुन् ।

६)	'ग्रेटर अस्टिन' भन्नाले अस्टिनलाई केन्द्र मानी यसका आसपासका क्षेत्रहरु जहाँ नेपालीहरु बसोबास गर्दछन् र यो संगठनसँग आवद्ध भई यसका गतिविधिहरुमा सामेल हुन चाहन्छन् लाई बुझिन्छ । टेक्सस आफैंमा ठूलो भएको, डालस, ह्युस्टन र सानआन्टोनियोमा ग्यान्स जस्तै स्थानीय सामुदायिक संगठनहरु कृयाशिल भैरहेको अवस्थामा ब्यवहारिक आवश्यकताका आधारमा निम्नानुसार १९ वटा काउन्टीहरु रहेको मध्य टेक्सस क्षेत्रलाई यस संगठनको विधान अनुसारको ग्रेटर अस्टिन क्षेत्र निर्धारण गरिएको छः




McLenan, Falls, Coryell, Bell, Milam, Burleson, Robertson, Brazos, Lampasas, Burnet, Williamson, Lee, Travis, Bastrop, Blanco, Hays, Caldwell, Comal and Guadalupe.

७)	'कार्यकारी समिति' भन्नाले ग्यान्सको सम्मेलनद्वारा निर्वाचित र विधानको भाग ४ बमोजिम मनोनितहरुको समुहलाई बुझिन्छ जसले ग्यान्सको आधिकारिक नेतृत्वदायी भूमिका निर्वाह गर्दछ ।

८)	'चन्दादाता' भन्नाले कुनैं ब्यक्ति या कानुनी रुपमा स्थापित संस्थालाई बुझिन्छ जसले ग्यान्सलाई निस्वार्थ रुपमा आर्थिक या भौतिक सहयोग गर्दछ ।

## भाग १: नाम तथा परिभाषा (Name and Definition)

(क)	यस संस्थाको नाम 'ग्रेटर अस्टिन नेपाली सोसाइटी' (Greater Austin Nepali Society) हुनेछ र यसलाई छोटकरीमा 'ग्यान्स' (GANS) भन्न सकिनेछ ।

(ख)	ग्यान्स कुनैं पनि राजनीतिक या अरु संगठनहरुसँग आबद्धता नरहेको एक स्वतन्त्र नाफारहित सामाजिक संगठन (Social Organization) हो ।

# भाग २: लोगो (Logo)

संगठनको यो लोगो संगठनको प्रतीक चिन्ह हो जसले संस्थाको नाम, परिचय र यसको गरिमालाई समेत प्रतिविम्वित् गर्नेछ ।

# भाग ३: सदस्यता (Membership)

साधारण सदस्यता, आजीवन सदस्यता र मानार्थ सदस्यता गरी ३ किसिमका सदस्यताको व्यवस्था गरिएको छ ।

**(क) साधारण तथा आजीवन सदस्य**

संगठनको विधान तथा उद्देश्य र अमेरिकी कानूनसँग सहमत हुने ग्रेटर अस्टिन क्षेत्रमा स्थायी रुपमा बसोबास गर्ने १८ बर्ष उमेर पुगेका नेपालीहरुले तोकिएको विवरणहरु खुलाएर आवश्यक शुल्क तिरी साधारण या आजीवन सदस्यता लिन सक्नेछन् । यी दुवैको वैधानिक अधिकार समान् हुनेछ ।

**(ख) मानार्थ सदस्य**

नेपाली समुदाय या ग्रेटर अस्टिन नेपाली सोसाइटीलाई विशिष्ठ रुपमा सहयोग पुऱ्याउने गैर नेपाली या ग्रेटर अस्टिन क्षेत्र बाहिरका नेपाली व्यक्तित्वलाई सम्मान स्वरुप मानार्थ सदस्यता प्रदान गर्न सकिनेछ । साथै कोही आजीवन सदस्य बसाई सरी अन्यत्र गएमा उहाँको आजीवन सदस्यता स्वत मानार्थ सदस्यतामा परिणत हुनेछ । मानार्थ सदस्यताको संगठनमा चुन्ने र चुनिने जस्ता सांगठनिक अधिकारहरु हुने छैनन् । उहाँहरुको संगठनमा सहयोगी मित्रको रुपमा उच्च स्थान रहनेछ ।

**(ग) सदस्यका अधिकार र सिमा**

(१) कुनैं किसिमको पक्षपात् या भेदभाव बिना सबै सदस्यहरुको संगठनको बिधान र अमेरिकी कानुनका आधारित आफ्ना कुराहरु राख्ने, छलफल गर्ने र संगठनको नेतृत्व चुन्ने र चुनिने जस्ता सबै अधिकारहरु बिधान र कार्य समिति तथा निर्वाचन आयोगले बनाएको नीति नियम बमोजिम हुनेछन् । तर अधिकारको प्रयोग पूर्ण शिष्टता, मर्यादा र विधान तथा कानून अनुकूल हुनुपर्ने छ ।

(२) कार्य समितिको अध्यक्षको उम्मेदवार हुन कार्य समितिमा कम्तिमा २ बर्षको एउटा कार्यकाल पूर्ण रुपमा काम गरेको हुनुपर्ने छ ।

**(घ)  सदस्यताको खारेजी**

(१) सदस्यता नविकरण नगरी यसको अवधि समाप्त भएमा ।

(२) अमेरिकामा स्थायी बसोबास गर्ने कानुनी हैसियत समाप्त भएमा ।

(३) बसाई सरी ग्रेटर अस्टिन क्षेत्र भन्दा अन्यत्र गएमा ।

(४) कुनैं सदस्यको अनैतिक या गैरकानुनी आपराधिक कृयाकलापमा संलग्न भएको प्रमाणित भएमा ।

(५) यदि कुनै सदस्यको ब्यवहार ग्यान्सको बिधान र मान्यता विपरित भएको ठहर भएमा कार्य समितिले उसको सदस्यता खारेज गर्न सक्छ । तर यस्तो अवस्थामा सम्वन्धित पक्षलाई पूर्ण सुनुवाईको मौका दिइनेछ ।

**(ङ)  सदस्यता पुनःप्राप्ति**

(१) सदस्यता खारेज भएको ब्यक्तिले सदस्यता पुन पाउँ भनी लिखित निबेदन दिएमा कार्य समितिले आवश्यक छानविन गरी पुनः सदस्यता प्रदान गर्न सक्नेछ ।

## भाग ४: कार्य समिति (Executive Committee)

**(क)  परिभाषाः**

कार्य समिति संस्थाको प्रमुख जिम्मेवार कार्यकारी नेतृत्व हो । हरेक २ बर्षमा हुने सम्मेलनमा हुने स्वतन्त्र तथा निश्पक्ष निर्वाचन मार्फत यो निर्वाचित हुन्छ । कम्तिमा ३ महिनामा एक पटक कार्य समितिको बैठक बस्नेछ । निर्वाचित कार्य समिति निम्नानुसार हुनेछः

अध्यक्ष–१, उपाध्यक्षहरु –२, महासचिव–१, सचिव–१, कोषाध्यक्ष–१ र सदस्यहरु–९ जना गरी जम्मा १५ जना ।

**(ख)  कार्य समितिमा मनोनयनः** कार्य समितिले आवस्यकता ठानेमा ६ जनासम्म सदस्यहरु मनोनयन गर्न सक्नेछ । यस्तै कुनै कारणबस कुनैं पद रिक्त हुनगएमा पनि कार्य समितिको बैठकले उक्त पद पूति गर्न सक्नेछ ।

**(ग)  कार्य अवधिः** कार्य समितिको कार्यकाल २ बर्षको हुनेछ । तर बिशेष परिस्थिती सिर्जना भएमा बढीमा ६ महिनासम्म एक पटकको लागि मात्र कार्य समितिको बैठकले म्याद थप गर्न सक्नेछ ।

**(घ)  पदपूर्तीः** कुनैं कारणबस अध्यक्षको पद रिक्त हुन गएमा २ उपाध्यक्ष मध्ये एकलाई सर्बसम्मतीले या गोला प्रथाबाट अध्यक्षको पदपूर्ति गरिनेछ । अन्य पदहरुको हकमा कार्य समितिको बैठकले आफ्नो निर्णय लिनसक्नेछ ।

(ङ) **जिम्मेवारी:** ग्यान्स कार्य समितिले संस्थाको उद्देश्य प्राप्तिका लागि विधान अनुसार संगठनलाई अनुशासित तथा मर्यादित ढंगले संचालन गर्नुपर्ने हुन्छ। यसमा व्यक्तिगत तथा सामुहिक जिम्मेवारीको कुरा हुन्छ। यहाँ व्यक्तिगत जिम्मेवारीलाई सामान्य रुपमा तल चर्चा गरिएकोछ :

**अध्यक्षः**

- संगठनको मूख्य नेतृत्वदायी भूमिका निर्वाह गर्दै सामाजिक एकता, संगठनको प्रतिष्ठा र सामाजिक कामहरुको प्रमुख जिम्मेवारी लिने।
- कार्य समिति तथा संचालक समितिको बैठक र विभिन्न सभा सम्मेलनहरुको अध्यक्षता गर्ने।
- योजना, निर्णय तथा कार्यान्वयनमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने।
- संगठनले बिशेष रुपमा तोकेका सबै कामहरु गर्ने।
- संगठनका सबै काम कार्वाहीहरुको अनुगमन गर्ने।

**उपाध्यक्षः**

- अध्यक्षको अनुपस्थितिमा अध्यक्षका सबै कामहरु गर्ने।
- संगठनका सबै कामहरुको अनुगमन तथा सहयोगी भूमिका निर्वाह गर्ने।
- संगठनले बिशेष रुपमा तोकेका सबै कामहरु गर्ने।

**महाँसचिवः**

- योजना, निर्णय तथा कार्यान्वयनमा नेतृत्वदायी भुमिका निर्वाह गर्ने।
- बैठक बोलाउने, माईन्युट लेख्ने तथा सबै फाईल तथा रेकर्डहरु चुस्तदुरुस्त राख्ने।
- संगठनले बिशेष रुपमा तोकेका सबै कामहरु गर्ने।

**सचिवः**

- महासचिवको अनुपस्थितिमा महासचिवका सबै कामहरु गर्ने।
- संगठनका सबै कामहरुको अनुगमन तथा सहयोगीको रुपमा भूमिका निर्वाह गर्ने।
- संगठनले बिशेष रुपमा तोकेका सबै कामहरु गर्ने।

**कोषाध्यक्षः**

- संगठनका आर्थिक योजनाहरु तथा आर्थिक ब्यबस्थापन गर्ने।
- आर्थिक आय ब्यय तथा जिन्सी सामानको पारदर्शी हिसावकिताव या लेखा राख्ने, लेखा परीक्षण गराउने र हरेक बर्ष आर्थिक प्रतिवेदन सार्वजनिक गर्ने।
- संगठनले बिशेष रुपमा तोकेका सबै कामहरु गर्ने।

**सदस्यः**

- संगठनका नीति तथा कार्यक्रमलाई संगठनको उद्देश्य अनुरुप लागु गराउन हरतरहले सहयोग गर्ने।
- संगठनले बिशेष रुपमा तोकेका सबै कामहरु गर्ने।

## भाग ५: सल्लाहकार समिति (Advisory Committee)

समाजका अगुवा समाजसेवीहरु जसले ग्यान्सको उत्तरोत्तर प्रगति र विकाशमा सधैं साथ सहयोग र टेवा पुऱ्याउने हैसियत राख्दै आएका छन् मध्येबाट ५ जनाको निर्णय कार्य समितिले गर्न सक्नेछ र त्यस बाहेक पुर्व ग्यान्स अध्यक्षहरु सल्लाहकार समितिमा पदेन हुनेछन् । सल्लाहकार समितिको काम सधैंभरी संगठनलाई अविभावकत्व प्रदान गर्ने, आवश्यक सल्लाह र सरसहयोग गर्ने हुनेछ ।

## भाग ६: परोपकार समिति (Welfare Committee)

समाजमा मर्दा पर्दा या भैपरिआउने आपतकालिन अवस्थामा आर्थिक, भौतिक तथा नैतिक सहयोग जुटाउने, त्यसकोलागि संचित कोष खडा गर्ने जस्ता पूर्व तयारी गर्ने तथा तत् सम्वन्धी सूचना या जनचेतनामूलक आदि कामहरु गर्ने उद्देश्यले कार्य समितिको निर्णयबाट कार्य समिति भित्र र बाहिरबाट परोपकारी समिति गठन गरिनेछ ।

## भाग ७: शिक्षा समिति (Education Committee)

नेपाली भाषा संस्कृतिको उत्थान गर्दै विभिन्न शिक्षामूलक या बौद्धिक क्षेत्रका कामहरुको समायोजन गर्न कार्य समितिको बैठकबाट समिति भित्र र बाहिरबाट आवश्यकतानुसार शिक्षा समितिको गठन गरिनेछ । नेपाली पाठशाला, पुस्तकालय, शैक्षिक गोष्ठीहरु, साहित्यिक गतिविधिहरु तथा प्रकाशन जस्ता कुराहरु यसका कार्य क्षेत्रहरु हुनेछन् ।

## भाग ८: युवा समिति (Youth Committee)

युवा शक्तिको सहि प्रयोग र परिचालन गर्दै समाज र संस्थाको हितमा सही परिचालन गर्न कार्य समितिको निर्णयबाट समिति भित्र र बाहिरबाट आवश्यकतानुसार युवा समितिको गठन गरिनेछ । युवाजन्य अतिरिक्त कृयाकलापहरु जस्तै खेलकुद (Sports), कला (Art and Music), स्वयंसेवक परिचालन (Volunteering) जस्ता कुराहरु यसका कार्यक्षेत्र हुनेछन् । यसको साथै युवाहरुका पारिवारिक तथा सामाजिक जिम्मेवारी र समस्याका विषयमा छलफल तथा कार्यक्रमहरु गर्नु पनि यसको कार्य हुनेछ ।

## भाग ९: विभागहरु (Departments)

कार्य समितिको बैठकले कामको अलग क्षेत्र र आवश्यकतानुसार त्यसलाई ब्यवस्थित गर्न आफ्नो मातहत रहनेगरी विभिन्न विभागहरु गठन गर्न सक्नेछ । कार्य समितिको विघटनसँगै यसको पनि स्वत विघटन हुनेछ ।

## भाग १०: बैठक प्रकृया तथा कमिटी पद्धती

## (Meeting Procedure and Discipline)

(क) कार्य समितिको नियमित बैठक हरेक ३ महिनामा एक पटक, बार्षिक साधारण सभा बर्षमा १ पटक र २ बर्षमा सम्मेलन गरी नयाँ नेतृत्वको चयन गर्नै पर्ने हुन्छ। हरेक २ बर्षमा गरिने सम्मेलनमा बार्षिक साधारण सभा स्वत गाभिएर आउछ अर्थात साधारण सभाले गर्ने सबै काम त्यसले गर्नेछ।

(ख) कार्य समितिको र अन्य समितिहरुको बैठक र साधारण सभा (सम्मेलन) को बैधानिकता (validity) का लागि कम्तिमा जम्मा सदस्य संख्याको ५१ प्रतिशत उपस्थिती भएको हुनुपर्दछ, जसलाई कोरम पुगेको बैठक भनिन्छ। परिस्थितिवस उपस्थित हुन नसक्नाको कारण जनाइएको लिखित जानकारीलाई (proxy) समेत गणना गरी बैठक बस्न सकिनेछ।

(ग) बैठक बोलाउदा छलफलका विषयहरु सहितको लिखित जानकारी अग्रिम रुपमा सबैलाई गराइएको हुनु पर्नेछ। बिषयको गम्भिरता अनुसार आवस्यक छलफल र विचार विमर्श गरेर उचित र सर्बसम्मत निर्णयहरु गर्नुपर्नेछ। प्रयत्न गर्दागर्दै पनि बिशेष कारणबस सर्बसम्मत हुन नसकेमा बहुमतले निर्णय गर्न सकिनेछ तर बैठक भित्रका असहमतीहरु संगठनको गरिमालाई आँच आउनेगरी बाहिर लैजान पाइने छैन। संगठनको निर्णय मान्न र लागु गर्नु सबैको अनिवार्य कर्तब्य हुनेछ।

(घ) बिना जायज कारण ३ पटक सम्म बैठकमा अनुपस्थित हुने या संगठनको अनुशासनमा बस्न नसक्ने कुनै पदाधिकारी या सदस्यलाई कार्य समितिको निर्णयबाट बिदा गरी उक्त पदपूर्ती गर्नुपर्नेछ।

## भाग ११: सम्मेलन (Convention)

**(क) परिभाषा:**

तोकिएको समय र सिमा भित्र विधिसम्मत सदस्यता प्राप्त गरेका सबै साधारण या आजिवन सदस्यहरु सहभागी हुनसक्ने हरेक २ बर्षमा हुने संगठनको सम्मेलनमा कार्य समितिको तर्फबाट सांगठनिक तथा आर्थिक प्रतिवेदनहरु पेश गरी छलफलबाट पारित गर्नुपर्नेछ। साथै आवश्यक देखिएमा विधान संशोधन या परिमार्जन प्रस्ताव उपर छलफल गरी पारित गर्न सकिनेछ। कुनै पनि प्रस्ताव पेश गर्न र निर्णय प्रकृयामा भाग लिन सम्मेलनमा सहभागी सबैको समान अधिकार हुनेछ। सम्मेलनमा पुरानो कार्य समितिलाई विगठन गरी नयाँ कार्य समितिको लागि निर्वाचन गरिनेछ। निर्वाचनलाई स्वस्थ र मर्यादित बनाउन कार्य समितिले आवश्यक सजगता अपनाउने र नीति नियमहरु बनाउने काम गर्नु पर्नेछ।

**(ख) निर्वाचन आयोगः**

निर्वाचन हुनु ३ महिना अगावै कार्य समितिको बैठकले ३ देखि ५ सदस्यीय निर्वाचन आयोग गठन गरी सम्मेलनको सार्वजनिक सूचना गर्नेछ । निर्वाचन आयोगको जिम्मेवारी स्वतन्त्र तथा निश्पक्ष निर्वाचन सम्पन्न गर्ने हुनेछ । यसको लागि आवश्यक निर्णय गर्न यो स्वतन्त्र हुनेछ र कार्य समितिले यसलाई आवश्यक सहयोग गर्नेछ । निर्वाचन आयोगले २ महिना अगावै निर्वाचनका कार्यक्रमहरु निर्णय गरी प्रकाशित गरिसक्नुपर्नेछ र साथमा कार्य समितिले उपलब्ध गराएको ग्यान्सका साधारण तथा आजीवन सदस्यहरुको नामावली अर्थात अन्तिम मतदाता नामावली समेत प्रकाशित गर्नु पर्नेछ । मतदाता नामावलीमा विधानले तोकेका १९ काउन्टी भित्र स्थायी रुपमा बसोबास गर्ने १८ बर्ष उमेर पुगेका र स्वेच्छाले आफ्नैं पैसा खर्च गरेर सदस्यता लिएका नेपालीहरु मात्र समावेश गरिनेछन् र यसरी नियमसंगत भए नभएको जाँच पडताल गर्ने र विवाद तथा उजुरी उपर छानविन गरी निर्णय लिने सम्पूर्ण अधिकार निर्वाचन आयोगलाई हुनेछ । अन्तिम मतदाता नामावलीमा नाम भएका जो कोही कार्य समितिका लागि हुने निर्वाचनका लागि उम्मेदवार बन्न सक्छन् तर अध्यक्षको उम्मेदवार हुन कार्य समितिमा कम्तिमा २ बर्षको एउटा पूर्ण कार्यकाल काम गरेको हुनुपर्ने छ ।

**(ग) सपथ**

कार्य समितिका पदाधिकारीहरुले निर्वाचित भए निर्वाचन आयोग समक्ष र मनोनित भए अध्यक्ष समक्ष निम्नानुसार सपथ लिनुपर्नेछः

**‘म ......................................... इश्वर तथा नेपाली समाजलाई साक्षी राखी यो सपथ ग्रहण गर्दछु कि सामाजिक सेवा जस्तो पवित्र काम गर्ने उद्देश्य बोकेको यस ग्रेटर अस्टिन नेपाली सोसाइटीको कार्य समिति पदाधिकारीको गरिमामय पद ग्रहण गरिरहदा मैंले यस संस्थाको विधान र भावना विपरित कहिल्यै कुनैं गतिविधी गर्ने छैन । कुनै पनि ब्यक्तिगत, राजनीतिक या गुटगत स्वार्थ भन्दा माथि उठेर सदैव यस संस्था र नेपाली समाजको हक र हित प्रवर्द्धनमा नैं मेरो ध्यान तथा योगदान रहिरहनेछ ।’**

## भाग १२: अपरिवर्तनीय (Unchangeable)

यस बिधानको प्रस्तावनामा उल्लेखित संगठनको मुल उद्देश्यमा असर पर्ने गरी कुनै पनि हिसावले विधान संशोधन या ब्याख्या गर्न पाइने छैन । यस बिधानसँग सम्वन्धित कुनैं विषय अमेरिकी कानुनसित बाझिन गएमा स्वत खारेज हुनेछ ।

धन्यवाद ।